आज मिति २०८२ साल कार्तिक १९ गते दिउसो २:०० बजे राजश्व चुहावट नियन्त्रण समितिको बैठक समितिका संयोजक एवम् प्रमुख जिल्ला अधिकारी श्री गोकर्ण राज सुयल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति:

प्रमुख जिल्ला अधिकारी श्री गोकर्ण राज सुयल, जिल्ला प्रशासन कार्यालय, कालीकोट

प्र.प्र.अ. श्री पदम बहादुर बुढा क्षेत्री, खाँडाचक्र नगरपालिका, कालीकोट

प्र.ना.उ., श्री हिम बहादुर खत्री, जिल्ला प्रहरी कार्यालय, कालीकोट

स.प्र.ना.उ., श्री दिपक चन्द, आश्रित गुल्म, कालीकोट

प्र.अ.अ. श्री ठाकुर प्रसाद के.सी., राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, कालीकोट

कोष नियन्त्रक, श्री टंक बहादुर थापा, कोष तथा लेखा नियन्त्रक कार्यालय, कालीकोट

का.प्र. श्री धर्मराज उपाध्याय, डिभिजन वन कार्यालय, कालीकोट

अध्यक्ष श्री रतन बहादुर शाही, उद्योग वाणिज्य संघ, कालीकोट

नि.का.प्र., श्री मुकुन्द बस्नेत, मालपोत कार्यालय, कालीकोट

सदस्य श्री.....................................पत्रकार महासंघ, कालीकोट।

प्रतिनिधि श्री रुपक आचार्य, निर्माण व्यवसायि संघ, कालीकोट

प्रतिनिधि श्री टेक बहादुर थापा होटेल व्यवसायी संघ, कालीकोट

निर्णयहरु

१. राजश्व चुहावट तथा चोरी निकासी/पैठारी सम्वन्धमा प्राप्त सुचनाहरु सबै निकायहरुवीच समयमै जानकारी र समन्वय गरी प्रभावकारी रुपमा चोरी पैठारी नियन्त्रण गर्ने।

२. खाद्यान्न, लत्ता कपडा, जुत्ता चप्पल, हार्डवेयर, विद्युतीय चुरोट, जडिबुटीहरु, सुन लगायतका वहुमल्य धातु जस्ता सामानहरुको हुम्ला नाका हुँदै पैठारी गर्ने देखिएको हुँदा अन्तर जिल्ला सीमा जोडिएका सम्पूर्ण सुरक्षा निकायहरु र अन्य सम्बद्ध कार्यालयले आपसी समन्वयमा उच्च निगरानी गरी नियन्त्रण गर्ने/गराउने। त्यसका लागि उद्योग वाणिज्य संघले पहल गर्ने।

३. ३ तहका सरकारलाई बुझाउनुपर्ने सवै राजश्व सबै उद्यमी व्यावसायी र नागरिकले समयमा दाखिला गर्ने।

४. सबै कार्यालयहरुले असुल गर्नुपर्ने बेरुजु लगायतका सरकारी रकम समयमा दाखिला गर्ने। असुल गर्न कडाइकासाथ पहल गर्ने। अन्तर निकाय समन्वय गरी असुल गर्नुपर्ने रकम असुली कार्यमा सबै कार्यालयले सहयोग गर्ने।

५. राजश्व दाखिला/करचुक्ता भए नभएको विषय बजार अनुगमनमा कडाई साथ अनुगमन गर्ने।

६. आन्तरिक राजश्व कार्यालय जुम्लालाई प्रत्येक ३/३ महिनामा सबै पालिकालाई समेटने गरी कर सचेतना कार्यक्रम संचालन गर्न अनुरोध गर्ने।

७. मूल्य अभिवृद्धि कर समायोजन नभएको र कर चुक्ता नभएको पसलवाट कुनै पनि सरकारी निकायले सामान खरिद नगर्ने।त्यस्तो विषय आन्तरिक लेखापरीक्षणको क्रममा आन्तरिक लेखापरीक्षकले कडाईका साथ हेर्ने।

८. स्थानीय तहहरुले अनिवार्य रुपमा महिना समाप्त भएको ७ दिन भित्र कर विवरण E-TDS गर्ने व्यवस्था मिलाउने।

९. नदीजन्य र खानीजन्य पदार्थ उत्खनन, विक्री वितरण सबै स्थानीय तहले करको दायरामा ल्याई राजश्व अभिवृद्धि गर्न पहल गर्ने।